स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



युवापुस्तामा रुचाइएका चर्चित अभिनेता प्रदीप खड्का सोमबार आफ्नो ३३औं जन्मदिन मनाउँदैछन् । २०४८ साल फागुन २६ गते ललितपुरको कुसुन्तीमा जन्मिएका उनको जन्मदिनको अवसर पारेर फिल्म "पिताम्बर"को नयाँ टिजर सार्वजनिक गरिएको छ । झन्डै एक मिनेट लम्बाइको एक्सनप्रधान टिजरमा उनलाई "सुपरस्टार"को ट्याग दिँदै उनका दृश्यहरुलाई मात्र स्थान दिइएको छ ।

**आजको विचार...**



मणि शर्मा

कस्तो...
(दुई पेजमा)



दिलिप रायमाझी अभिनीत फिल्म "हेल्लो काँशिराम" को प्रदर्शन मिति घोषणा गरिएको छ। निर्माण पक्षले सोमबार फिल्मको फर्स्टलुक पोस्टर ल्याउँदै आउँदा जेठ २ गतेका लागि प्रदर्शन मिति तय गरेको हो। सार्वजनिक पोस्टरमा अभिनेता दिलिप रायमाझीलाई एउटा बोको बोकेर हिँडिरहेको देख्न सकिन्छ। यसबाट यो फिल्म कमेडी जनरामा बनेको अनुमान गर्न सकिन्छ। फिल्मको कथावस्तु अहिले खुलाइएको छैन। तर निर्माण टिमका अनुसार, छिटै सार्वजनिक हुने टिजरमार्फत थप जानकारी गराइनेछ।

❒ वर्ष ३० ❒ अंक २२६ ❒ २०८१ फागुन २७ गते मंगलबार 11 March 2025, Tuesday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# नगरको परिचय बदल्न कस्सिएका युवा

रामचन्द्र रायमाझी——

**पाल्पा,** फागुन २६/तानसेन आफैमा पर्यटकीय नगर हो । यहाँ थुप्रै ऐतिहासिक तथा धार्मिक पर्यटकीय स्थलहरु रहेका छन् । तर प्रचार-प्रसार र संरक्षणको अभावका कारण पाल्पा पर्यटकीय क्षेत्रको रुपमा पछाडी परेको छ ।

माल पाएर चाल नपाएको भने जस्तै यहाँ प्रसस्त मात्रमा ऐतिहासिक सम्पदा, कलाकृति र सौन्दर्यता बोकेका स्थलहरु भए पनि वेवास्ताका कारण पर्यटन र धार्मिक क्षेत्रले फड्को मार्न सकेको छैन् । सरकार र सम्बन्धित निकायबाट पाल्पाको पर्यटन विकासमा प्रभावकारी कदम चाल्न नसकिरहेका बेला तानसेनका युवाहरुले भने पर्यटकीय, धार्मिक स्थलहरुलाई राष्ट्रिय, अन्तर्राष्ट्रिय रुपमा चिनाई तानसेन नगरको परिचय नै बदल्न कस्सिएका छन् ।

स्वदेशमै केही गरौं भनेर लागेका यहाँका युवाहरुले कागजमा सिमित तानसेनको परिचयलाई व्यवहारबाटै देखाउने गरी सक्रिय रुपमा लागेका हुन् । सामाजिक क्षेत्रमा सक्रिय नारायण युवा क्लव, पाल्पा साइक्लिङ संघ र पाल्पा जेसिजमा आवद्ध युवाहरु यहाँको विकासमा सक्रिय भएर लागेका





हुन् । उनीहरुले यहाँको सामाजिक क्षेत्रमा सचेतना जगाउने, पर्यटन तथा धार्मिक क्षेत्रलाई सफा, स्वच्छ बनाई आन्तरिक तथा बाह्य पर्यटकहरु भित्र्याउने, खेल क्षेत्रलाई राष्ट्रिय अन्तर्राष्ट्रिय क्षेत्रमा चिनाउने, स्थानीय जनप्रतिनिधिहरुलाई जनताप्रति जवाफदेही र जिम्मेवार बनाउने जस्ता कार्यमा लोभ लाग्दो रुपमै सक्रियता देखाउँदै आएका छन् । २०५४ सालमा स्थापना भएको नारायण युवा क्लवले अस्तव्यस्त अवस्थामा रहेका तानसेनका ऐतिहासिक अमरनारायण मन्दिर, नारायणस्थानको फूलबारी, अमरनारायण पोखरीहरुको संरक्षण, प्रवर्द्धन गर्ने काम गरेको छ । केही वर्ष अघि तानसेन नगरपालिकाले यि क्षेत्रहरुको संरक्षणमा मोटो रकम खर्च गरे पनि व्यवस्थित हुन नसकेका बेला क्लवमा आवद्धमा युवाहरुले भने आफ्नै परिश्रम र लगानीबाट उक्त क्षेत्रहरुको संरक्षण र प्रवर्द्धन गर्दै आएका छन् । विगतका वर्षहरुमा स्थानीय सरकारले यस क्षेत्रको सरसफाई र संरक्षण गर्दै आए पनि गत वर्षदेखि क्लवको अगुवाईमा टोल विकास संस्था, युवा, महिलाहरुको सहयोगमा नारायणस्थान फूलबारी, मन्दिर र पोखरी चिटिक्क बनाउदै आएको पाइन्छ ।

युवाहरुले यस क्षेत्रमा तानसेनका जनताको खानेपानीको श्रोत भएकाले पानीको श्रोत जोगाइराख्न, चिउरी, खल्दुक, कपुर र चाप जस्ता बोटविरुवा समेत रोपेका छन् । फूलबारीको दक्षिण क्षेत्रमा १०८ गाईमुखे धारा, पोखरी, पोखरीको बिचमा शिवलिङ्ग बनाउने काम पनि क्लवले नै गरेको छ । त्यति मात्रै होइन क्लवले पछिल्लो समय जिल्लामा चोरीका घटनाहरु, सवारी दुर्घटना, लैङ्गिक हिंसा, साइबरक्राइम, लागुऔषध दुर्व्यसनी जस्ता घटनाहरु बढ्दै गएकाले तिनीहरुलाई नियन्त्रण गर्ने उद्देश्यले सुरक्षा सचेतना कार्यक्रम समेत गर्दै आएको छ । शान्त र सभ्य समाज निर्माणका लागि क्लवले सचेतनामूलक कार्यक्रम गर्ने गरेको हो । तानसेनलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्ने र समाजलाई सही दिशातर्फ लैजाने काममा नि:स्वार्थरुपमा युवाहरु सक्रिय हुँदै आएको क्लवका अध्यक्ष प्रबिनराज शाक्यले बताए । उनले भने,'यहाँ रहेका धार्मिक तथा पर्यटकीयस्थल हाम्रो सौन्दर्यका गहना हुन् । यहाँ थुप्रै पर्यटक तथा दर्शानार्थीहरु आउने गर्दछन्, त्यसैले पनि तानसेनलाई स्वच्छ, सुन्दर र हराभरा बनाउन आवश्यक छ । त्यो कर्तव्य हामी युवाहरुको पनि हो ।' क्लवले सामाजिक क्षेत्रको विकाससँगै वातावरणलाई स्वच्छ, सफा र सुन्दर बनाउने दिशामा प्रशंसनिय कार्य गर्दै आएको क्लवका संस्थापक अध्यक्ष हिमालदत्त श्रेष्ठले बताए ।

-...बाँकी अन्तिम पेजमा

## संक्षिप्त समाचार

### ट्याङ्की सफा गर्ने क्रममा ४ जनाको मृत्यु



(रासस/एएनआई) ——

**मुम्बई,** फागुन २५/मुम्बईको नागपाडाको मिन्ट रोडमा गुड लक मोटर ट्रेनिङ स्कूल नजिकै निर्माणाधीन भवनमा पानीको ट्याङ्की सफा गर्ने क्रममा निसास्सिएर चार जना कामदारको मृत्यु भएको अधिकारीहरूले आइतबार बताएका छन् ।

निसास्सिएर हसिपाल शेख (१९), राजा शेख (२०), जिउल्ला शेख (३६) र इमान्डु शेख (३८) का मृत्यु भएको प्रहरीले जनाएको छ । पानी ट्याङ्कीमा उपस्थित पाँचौं कामदार पुरहान शेख (३१) लाई अस्पतालमा भर्ना गरिएको र उनको उपचार भइरहेको छ । बृहन्मुम्बई म्युनिसिपल कर्पोरेशन ( बीएमसी) अधिकारीहरूका अनुसार, घटना मिन्ट रोड नागपाडा मुम्बईको गुड लक मोटर ट्रेनिङ स्कूल नजिकै १२.२९ बजे भएको र मुम्बई फायर ब्रिगेड (एमएफबी) लाई १.३५ बजे रिपोर्ट गरिएको जनाएको छ । बीएमसी अधिकारीहरूले एक मजदुरलाई अस्पतालमा भर्ना गरी उपचार भइरहेको जानकारी दिए । यस विषयमा थप विवरणहरू आउन बाँकी छ ।

**सडकको संरक्षण गरौं**

- सडक सबैको साझा सम्पत्ति हो, त्यसको संरक्षण र संवर्द्धन गर्नु सबैको दायित्व हो,

त्यसैले,

- सडक सीमा अतिक्रमण गरी घर, टहरा निर्माण नगरौं,
- निर्माण सामाग्री सडकमा नथुपारौं,
- सडकमा सवारी साधन धुने नगरौं,
- सडकका नालीमा अवरोध नगरौं,
- सवारी आवागमनमा वाधा नपुऱ्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# रामपुरका किसानलाई आलु स्याहार्न भ्याइनभ्याई

**रामपुर (पाल्पा), फागुन** २६/खेतबारीमा किसानहरु आलु खन्ने काममा व्यस्त छन् । आलु खन्ने र उत्पादित आलु घर-घरमा थन्क्याउने कार्य उनीहरु व्यस्त छन् । व्यावसायिक उत्पादनका लागि आलु लगाएका किसानले खेताला लगाएर आलु खन्ने काम गरिरहेका छन् ।

एकै पटक आलु उत्पादन भएपछि दिनभर खेताला लगाएर आलु खन्ने कार्य भएको पाल्पा रामपुरका युवा सुशील ढुङ्गाना बताउन्छन् । उनले रामपुर-५ सानीअमराई बहखोला खेतमा करिब आठ रोपनी खेतमा आलु लगाएका छन् । 'शनिबार र आइतबार दुई दिनसम्म १६/१७ जनाले आलु खन्ने काम भएको छ', उनले भने, 'एकै पटक उत्पादन हुने हुनाले परिवारले मात्रै खनेर नसकिने भएपछि खेताला खोजेर आलु खनिएको छ ।' उनले यस पटक चार क्विन्टल आलु लगाएका छन् । उत्पादन राम्रै भएकाले आलुखेतीबाट उत्साहित छन् । यो वर्ष करिब ५० क्विन्टल आलु उत्पादन



हुने उनको अनुमान छ । रामपुर बेझाड बजारमा व्यवसाय सञ्चालन गरेका ढुङ्गानाले घरमा कृषि कार्यमा जोड दिँदै आएका छन् । शनिबार पसल बन्दको समय पारेर खेताला खोजेर आलु खन्न सुरु गरेको उनले बताए । 'आलु खन्ने काम भएको छ, फल राम्रो लागेकाले उत्पादन राम्रो छ, खेतमा दिनभर खेतालाबाट आलु खन्ने र साँझमा घरमा थन्क्याउने कार्यले एउटा आलु उत्सवजस्तै लागेको छ, घरका कोठाहरु अहिले आलुले भरिएका छन्, यो देख्दा रमाइलो लागेको छ, पसलमा काम नभएको समयलाई सदुपयोग गर्दै घरमा कृषि कार्य तथा पशुबस्तुको स्याहारमा व्यस्त हुन्छु, फुर्सदको समय मैले खेर फालेको छैन', उनले भने । उनले खुमलटार रातो जातको आलु लगाएका छन् । बाउबाजेको पालादेखि नै आलुखेती गर्दै आएको उनी बताउन्छन् । पहिला-पहिला घरायसी प्रयोजनका लागि मात्रै आलु लगाउने गर्थे ।

हिजोआज भने बिक्रीका लागि उन्नत जातका आलु लगाउन थालेका छन् । रामपुर नगरपालिकाले शीतभण्डार निर्माण गरेपछि उनले व्यावसायिक उत्पादनमा जोड दिएका हुन् । भण्डारण गर्न अन्यत्र लैजानु नपर्ने, आफ्नै गाउँ ठाउँमा भण्डारणको राम्रो सुविधा भएपछि व्यावसायिक ढङ्गबाट खेती गर्न थालेको ढुङ्गानाले बताए ।

आलु खनेर सकेपछि शीतभण्डारणमा राख्ने र पछि बेमौसमीयाममा महँगो मूल्यमा बिक्री गर्ने लक्ष्यसहित योजनाबद्ध तरिकाले आलु लगाउने गरेको उनको भनाइ छ ।

-बाँकी अन्तिम पेजमा

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
नव जनचेतना

## सम्पादकीय

# राजनीतिमा अर्को तरंग

नेपाली राजनीतिमा बेला बेलामा तरंग आउने गरेको छ । सत्ता परिवर्तन नेपालको स्थायी रोग नै हो । यसले बेला-बेलामा तरंग ल्याइनै रहेको छ । यही बिचमा फेरी अर्को तरंग ल्याएको छ । पछिल्लो केही दिन यता पूर्वराजा शाहको गतिविधि र राजावादीको प्रदर्शनले नेपाली राजनीति वृत्तमा तरंग ल्याएको हो । अब फेरी कतै देशमा व्यवस्था परिवर्तन हुने त हैन भन्ने आम चासो छ । पूर्वराजा शाह र राजावादीहरुले गतिविधि बढाउन थालेपछि आमनागरिकमा शंका उत्पन्न भएको छ भने राजनीतिक दलका नेताहरू आक्रामक ढंगले प्रस्तुत हुन थालेका छन् । आपसमा आरोप/प्रत्यारोप गरिरहेका सत्ता र प्रतिपक्ष दलका नेताहरू शाहको बढ्दो सक्रियतालाई लिएर एक ठाउँमा आएका मात्रै छैनन्, एउटै स्वरमा चेतावनीसमेत दिइरहेका छन् । अस्थिर सरकारका कारण मुलुक दिन-प्रतिदिन बर्बादीतर्फ धकेली रहेका बेला फेरी व्यवस्था परिवर्तनको विषय आउनु दुखद् हो ।

देशका केही भागमा राजाको पक्षमा सभा, जुलुस र प्रदर्शनसमेत भइरहेका छन् । आफुलाई राजावादीका रूपमा निरन्तर अग्रसर रहेको राष्ट्रिय प्रजातन्त्र पार्टीको सक्रियतामात्रै होइन दुर्गा प्रसाईदेखि अरू निजी स्कोर बनाउनेहरूको पनि क्रियाशीलता जोड्तोड्ले देखिँदैछ । वर्तमान समयमा विकसित बन्दै गइरहेको यस सन्दर्भलाई हाँसेर उडाइदिने राजनीतिक पार्टीहरू पनि छन् । अहिलेको अवस्था आउनु भनेको दलहरुप्रति जनताको वितृष्ण पैदा हुनु हो । राजनीतिक पार्टीहरूले राम्रो काम गरेर जनताले चौतर्फी प्रशंसा गरिरहेको अवस्था थियो भने कुनै विरोधी शक्तिले छिसिक्क केही बोल्नासाथ वा केही गर्नासाथ जनता अरिंगालको गोलो बनेर शासकीय प्रणालीका पक्षमा प्रदर्शन गर्न आउने थिए । अहिले त्यस्तो देखिएको छैन । किन त पूर्वराजाले वर्तमानविरुद्ध आफ्नो उपस्थितिको गम्भीर आग्रह गर्दा विपक्षमा र वर्तमान राजनीतिक दलहरूको समर्थन गरेर कोही पनि जनता नउठेका ? यसको जवाफ भने राजनीतिक पार्टीहरूले दिन सक्नुपर्छ । भोलि केही गरी वर्तमान राज्यप्रणालीमा फेरबदल हुने अवस्था आयो भने त्यसको दोष कसलाई दिने ? पूर्वराजालाई, जनतालाई वा देशीविदेशी शक्तिलाई ? त्यतातिर सोच्नुपर्ने हुन्छ । तसर्थ अहिले देखिएको राजनीतिक तरंगलाई राजनीतिक दलहरुबाटै समाधान गरिनुपर्छ ।

## Opinion @ Social Network

जीवनमा कहिल्यै हार नमान,
किनभने बिहान नआउँदा रात पनि बसिरहँदैन।
*(सबिन राईको फेसबुक स्टाटस https://www.facebook.com/rai.sabin22085)*

**यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।**

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# कस्तो राजतन्त्रका लागि आन्दोलन ?



## मणि शर्मा

सन् १८७१ मा प्रकाशित लुइस क्यारोलको उपन्यास 'थ्रो द लुकिङ ग्लास' को पात्र तथा संवाद झैं भएको छ अहिले राजावादी आवरणमा राप्रपा जस्ता दल र संगठनहरूको राजा र हिन्दु राष्ट्र फर्काउने अभियान । हो, यसमा केही सच्चा देशभक्तहरू पनि छुट्टै लागेका छन् । उक्त उपन्यासमा एलिसले आफूलाई ऐनामा हेर्छिन् र ऐनाको पारामा पुगेको पाउँछिन् । ऐनाको संसार एउटा विशाल चेसबोर्ड जस्तो छ जहाँ एलिस एउटा मोहराको रूपमा रातो रानी बन्न यात्रा गर्छिन् । उनी यात्रामा धेरै पात्रहरू भेट्छिन्, सेतो राजा, एउटा अहंकारी पात्र हम्टीडम्टी, ट्वीडललडी र ट्वीडललडम जस्ता अनौठो तर्क गर्ने जुम्ल्याहा भाइ र रातो रानी, जसले एलिसलाई 'तपाई जे गर्नु हुन्छ त्यो गर्नु होस् तर त्यसलाई नगर्नुहोस्' भन्छिन् । अहिलेका नेताहरूको भनाइ जस्तै ।

२०४७ को संविधानको आधारमा, हिन्दु राष्ट्र चाहिन्छ तर पाष्टरलाई सांसद बनाइन्छ, संवैधानिक राजतन्त्र चाहिन्छ तर राष्ट्रपतिसँग शपथ खाएर मन्त्री पनि भइन्छ, राजा चाहिन्छ तर यो संविधान विश्वकै उत्कृष्ट संविधान हो भन्न पनि पाइन्छ, दरबार हत्याकाण्ड बारेमा चुँइक्क बोलिँदैन भन्न डराइन्छ । प्रज्ज्वल शमशेर र पुष्पकमल दाहाल मिलेर संयुक्त रूपमा माओको आवरणमा चलाएको नृशंस हिंसाको कुरा बोलिँदैन । सनातन धर्म सापेक्ष संवैधानिक राजतन्त्र चाहिन्छ, चाहिँदैन । यस खालका बोली बोल्नेहरू अहिले राजा फर्काउने र सनातन धर्म सापेक्ष राष्ट्र पुनर्स्थापना गर्ने भनेर सडकमा आएका छन् । यिनीहरूको गन्तव्य के हो यिनीहरूलाई नै थाहा छैन तर आन्दोलन गर्ने । जगमान गुरुङ यिनीहरूभन्दा अलग हुनुहुन्छ, उहाँको नियतमा शंका गर्ने ठाउँ छैन । तर, उहाँ आफैं यस्ता प्रकृतिका डिप स्टेटबाट सञ्चालितहरूबाट घेरिनुभएको छ । उहाँले राजा ज्ञानेन्द्रपछि नवयुवराज फदयेन्द्रलाई राजा बनाउने किसिमको भाष्य ल्याउनु भएको छ । अहिले प्रायोजित धर्म निरपेक्ष संघीय गणतन्त्रका समर्थकहरू अनापसनाप बक्दै हिँडेका छन् । यो बर्बराहट निभ्ने बेलाको बत्ती जस्तै हो, यसलाई वास्ता गर्नु हुँदैन । अहिले गणतन्त्रवादीहरूलाई हेरौं वा राजाको नाम भजाउनेहरूलाई वा विश्व रंगमञ्चमा ट्रम्प वा युरोपियन युनियनका कुराहरूलाई हेरौं, कतै स्पष्टता छैन । उक्त उपन्यासमा एउटा संवाद छ, ट्वीडलडमले एलिसले बाटो सोध्दा भन्छन्, 'तर यो होइन' कुनै पनि तरिकाले, उल्टै उनले यात्रा जारी राखे, 'यदि यो हो भने, यो हुन सक्थ्यो र यो होइन भने यो छैन यो तर्क हो ।'

> *२०४७ को संविधानको आधारमा, हिन्दु राष्ट्र चाहिन्छ तर पाष्टरलाई सांसद बनाइन्छ, संवैधानिक राजतन्त्र चाहिन्छ तर राष्ट्रपतिसँग शपथ खाएर मन्त्री पनि भइन्छ, राजा चाहिन्छ तर यो संविधान विश्वकै उत्कृष्ट संविधान हो भन्न पनि पाइन्छ, दरबार हत्याकाण्ड बारेमा चुँइक्क बोलिँदैन भन्न डराइन्छ । प्रज्ज्वल शमशेर र पुष्पकमल दाहाल मिलेर संयुक्त रूपमा माओको आवरणमा चलाएको नृशंस हिंसाको कुरा बोलिँदैन । सनातन धर्म सापेक्ष संवैधानिक राजतन्त्र चाहिन्छ, चाहिँदैन । यस खालका बोली बोल्नेहरू अहिले राजा फर्काउने र सनातन धर्म सापेक्ष राष्ट्र पुनर्स्थापना गर्ने भनेर सडकमा आएका छन् । यिनीहरूको गन्तव्य के हो यिनीहरूलाई नै थाहा छैन तर आन्दोलन गर्ने ।*

एलिसले धेरै नम्रतापूर्वक भनिन्, 'मलाई लाग्छ यो धेरै बुद्धिमानी कुरा हो । यस जंगलबाट बाहिर निस्कने बाटो खोज्नु, यो अँध्यारो हुँदै गइरहेको छ ।' राजा तथा हिन्दुराष्ट्रको आवरणमा भएका यी चेसका गोटीहरू पनि एलिस जस्तै चेसका मोहरा हुन्, अरूबाट प्रयोग भइरहेका । एकछिन्लाई मानौं, यिनीहरूले राजालाई ल्याएर राजसिंहासनमा बसाले तथा सनातन धर्म सापेक्ष राष्ट्र पनि बनाए तर यसपछि राजाको अधिकार के ? कस्तो शासन प्रणाली ? २०४७ को संविधान भन्छन् भने, त्यो संविधानले के दियो ? भ्रष्टाचारले हाँगाबिँगा फैलाउँदै मौलाउँदै गरेको अवस्था, सेनाले राजाको साथ छोडेर गणतन्त्र ल्याइदिएको, देशको अर्थव्यवस्था भताभुंग पारेर भएका उद्योगहरूको लिलामी, राजा वीरेन्द्रले सुर्खेतमा टाटा मोटरको फ्याक्ट्री खोल्ने प्रक्रिया चलिरहेको अवस्थामा २०४७ सालमा बहुदल आयो ।

राजाको त्यो सपना जसमा पचास हजार नेपालीले रोजगारी पाउँथे, तुहेर गयो । के यस्तो संरचनाभित्रको २०४७ को संविधान चाहिन्छ भने यही दुर्गन्धित शक्तिबाट चलायमान दुर्गन्धित व्यवस्था नै ठीक छ, किनकि भोलि व्यवस्था परिवर्तनको आशा त हुन्छ यसमा । उल्लेखित उपन्यास झैं कुराहरूको जालो र तर्कहरूको चक्रव्यूह बनाएर आमनेपालीहरूले चाहेको जस्तो राजतन्त्रको हत्या नगरौं । राजा र माओवादी अटाउने व्यवस्था भनेको के हो ? राक्षस र देउता कहिल्यै मिलेर शासन गरेका थिए ? कस्तो कुतर्क हो ? हिजो दिल्लीमा प्रणव मुखर्जीले १२ बुँदे सहमतिको ड्राफ्ट तयार गरेर दिएपछि भएको सात दलको सहीमा कतै राजतन्त्रको उन्मूलन लेखेको थिएन, केवल निरंकुश राजतन्त्रको अन्त्य भनिएको छ । अनि वर्तमान संविधानमा कहाँबाट धर्मनिरपेक्षता, संघीयता र गणतन्त्र १२ बुँदेमा नभएको कुरा लेखिएर आयो ? हिजो करन सिंह आएर दरबारमा राजा र दलबीच भएको सहमतिमा कहाँ राजतन्त्र हटाउने थियो ? भोलि कथंकदाचित मानी लिऔं यो आन्दोलन सफल भएर दलहरू र राजाबीच सहमति भए, त्यसलाई पालन गर्ने ग्यारेन्टी के ? खुबै भए इण्डियालाई साक्षी राख्न बोलाउलान् । के हिजो करन सिंहको अगाडि पाँच बुँदे सम्झौता भएको थिएन ? के इण्डियाले सन्धि सम्झौताको कुनै शर्त अहिलेसम्म मानेको छ ? १९५० कै सन्धिको कुरा गरौं, त्यसको धारा ८ अनुसार हामीले त सुगौली सन्धिपूर्वको हाम्रो दुईतिहाइ भू-भाग फिर्ता पाउनुपर्ने हो, के इण्डियाले त्यो फिर्ता दियो र ? झन् कालापानी क्षेत्र सिंगै ओगटेर बसेको छ । इतिहास हेर्ने हो भने, अहिले युक्रेनमा शान्ति स्थापनाका लागि अमेरिका र रुसबीच भइरहेको वार्तामा युरोपियन युनियनले युक्रेन र आफूहरूलाई वार्तामा नराखेकोमा विरोध जनाइरहेको छ । अहिले युक्रेन र अमेरिकाबीच वार्ता पनि भयो । के युरोपियन युनियनले आफ्नो विगत पल्टाएर हेरेको छ ? सन् १८८४ मा युरोपले बर्लिन कन्फ्रेन्समा अफ्रिकालाई सहभागी गराएको थिएन, त्यो सम्मेलन अफ्रिका विभाजनसम्बन्धी थियो । युरोपियनहरू (बेलायत, फ्रान्स, जर्मनी, पर्चुगल, बेल्जियम आदि) मिलेर अफ्रिकी महादेशलाई आफ्नो प्रभाव क्षेत्रमा बाँड्ने योजना बनाएका थिए । यसमा अफ्रिकीहरूलाई न त बोलाए, न त उनीहरूको राय लिइयो । यो कन्फ्रेन्सले अफ्रिकी महादेशलाई युरोपको उपनिवेश बनाउन औपचारिक रूप दियो ।

हाम्रो यो संविधानमा कतै राजा र जनताको राय मागियो ? संविधानका सुझाबहरू माग्दा अधिकांश जनता राजा र हिन्दुराष्ट्रको पक्षमा थिए तर जनताबाट लिएको कथित सुझाबलाई रद्दीको टोकरीमा फालेर नेपाललाई इण्डोपश्चिमाको अघोषित उपनिवेश बनाइयो, धर्म मासियो, संस्कृति मासियो, सभ्यता मासियो र संस्कार पनि मासियो । एउटामात्र आइएनजिओ युएसएआइडीले त यहाँको धेरैजसो मै हुँ भन्नेको पोल खोलिदियो, अझै कति खुल्ने हो ? अनुहारमा लगाएको मुकुण्डो त यिनको उदांगिँदै गइरहेको छ । के फेरि यिनीहरूको हातमा मुख्य शक्ति दिएर राजासँग सम्झौता गरेर राजालाई अधिकारविहीन खोपीको देउता बनाउने ? यस्तो परिवर्तन नेपालीहरूलाई चाहिएको छैन । नेपाल र नेपालीलाई नेपालको माटो सुहाउँदो व्यवस्था चाहिएको छ । नेपाल सनातन धर्मको देश हो । हामी वेद मान्छौं र वेदले दलहरूलाई चिन्दैन, चिन्छ त केवल राजा र जनता । हामीलाई चाहिएको वैदिक सनातन धर्मसापेक्ष राष्ट्र हो जहाँ हिन्दु, बौद्ध र किरात सभ्यता सुरक्षित रहोस् । शासन व्यवस्था वेदको आधारमा चल्नुपर्छ । वैदिक समाजवाद तथा दिव्य उपदेशको आधारमा वैदिक समाजवादी व्यवस्था भएको संविधान बन्नुपर्छ । पश्चिमी शिक्षा र सभ्यतामा रमेको राजा नभएर वैदिक शिक्षा तथा संस्कारमा हुर्केको राजा चाहिन्छ । राजाले धर्मशास्त्रको आधारमा शासन चलाउनुपर्छ । शासन व्यवस्थाको अर्को आधार लिच्छिविकालीन शासन व्यवस्था अपनाउने वा बडामहाराजाधिराज पृथ्वीनारायण शाहको दिव्य उपदेश अनुसार शासन व्यवस्था चलाउने तथा योगी नरहरिनाथले प्रतिपादन गरेको वैदिक समाजवादी व्यवस्था अपनाउनु नेपालका लागि उपयुक्त हुनेछ । के यस्तो शर्तमा राजालाई सिंहासनमा बसाल्न अहिलेका राजा तथा सनातन धर्मको खोल ओढेकाहरू सहमत छन् ? कतिपयले राष्ट्रिय स्वयं सेवक संघ र मोदी सरकार नेपालमा राजतंत्रको पुनर्स्थापनाको लागि सकरात्मक छ भन्ने गरेका छन् । राजाको व्यवस्थापन जनता र वर्तमान विश्व राजनीतिक भूअवस्थाले ल्याउने हो न कि अरूले । हाम्रा दुई छिमेकी मुलुकहरूको सद्भाव यसमा आवश्यक हुन्छ । अहिले सडकमा राजा तथा सनातन धर्म सापेक्ष राष्ट्र ल्याउने आन्दोलनमा नेतृत्व गरिरहेकाहरूलाई सोधौं, कस्तो राजतन्त्र र सनातन धर्मसापेक्ष राष्ट्र ल्याउने ? राष्ट्र एकीकरणको जगमा वैदिक समाजवादी तथा दिव्य उपदेशको आधारमा निर्मित संविधानभित्र राजालाई ल्याउने कि पश्चिमा मोडेलको राजतन्त्र जहाँ उदारीकरण भएको संवैधानिक राजतन्त्र भएको व्यवस्था हुन्छ र राजाले टुलुटुलु हेर्न पाउँछन् तर बोल्न पाउँदैनन् । कुन प्रकारको राजतन्त्रका लागि आन्दोलन गर्दैछौ भनेर तिनलाई सोध्ने हो भन न तिनीहरूसँग जवाफ छ न कुनै योजना अनुसार तिनीहरू आन्दोलनमा छन् ।

***-इहिमालय टाइम्स डटमक***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : नयाँ अवसर प्राप्त हुन सक्छ। व्यापारमा लाभ मिल्नेछ। | **तुला** : आृनो विचार खुला रूपमा व्यक्त गर्दा फाइदा हुनेछ। मान-प्रतिष्ठा बढ्नेछ। |
| **वृष** : धनागमनमा सुधार आउनेछ । पारिवारिक सुख मिल्नेछ । | **वृश्चिक**: प्रयत्न गरे अनुसारको सफलता मिल्नेछ । लाभदायक समय छ । |
| **मिथुन** : यात्रा लाभदायक हुनेछ । दाम्पत्य जीवनमा प्रेम बढ्नेछ। | **धनु** : सजग रहनुपर्ने समय छ । नसोचेको ठाउँबाट धन लाभ हुन सक्छ । |
| **कर्कट** : आर्थिक पक्ष सबल हुनेछ। सोचविचार गरेर मात्र निर्णय गर्नुहोला। | **मकर** : नयाँ जिम्मेवारी पाइनेछ । परिवारसँग समय बिताउन पाइनेछ । |
| **सिंह** : नयाँ काम सुरू गर्न अनुकूल समय छ। मानसिक चिन्ता कम हुनेछ। | **कुम्भ** : शत्रु परास्त हुनेछन् । बोल्नुभन्दा बढी सुन्ने बानी अपनाउनुहोस्। |
| **कन्या** : पुराना समस्याहरू हल हुनेछन्। प्रेम सम्बन्धमा सुधार आउनेछ । | **मीन** : आर्थिक रूपमा सुधार आउनेछ। आध्यात्मिक क्षेत्रतर्फ आकर्षण बढ्नेछ । |

## विज्ञान/सूचना प्रविधि

# डिलिट भएका म्यासेज यसरी गर्नुस् रिस्टोर

फोनमा हाम्रो दैनिक जीवनका कयौँ कुरा हुन्छन् । तर कहिलेकाँही झुक्किएर वा त्रुटिवश म्यासेज डिलिट गर्छौं । यस्तो भइहाल्यो भने के गर्ने ?

सूचना होस् वा व्यक्तिगत चिज अत्यावश्यक नै रहेछ भने त के गरौँ अनि के नगरौँ भन्ने अत्यास हुन्छ । तर एप्पलका उत्पादनहरूमा प्रयोगकर्ताका लागि भने हालसालै डिलिट भएका म्यासेज रिकभर गर्ने बिल्ट इन उपाय छन् ।



**आइफोन वा आइप्याडमा म्यासेज फिल्टर इनेबल**

आइफोन वा आइप्याडमा म्यासेज वा कुराकानी डिलिट भयो ? तल दिइएका निर्देशन तपाईँको उपकरणमा म्यासेज फिल्टर अन छ कि छैन भन्नेमा भर पर्छ । म्यासेज फिल्टरिङले म्यासेजलाई प्रेषक, अज्ञात प्रेषक र नपढिएका म्यासेज भनेर छुट्टा छुट्टै सूचिमा वर्गीकृत गर्छ । तर तपाईँहरू मध्ये केहीले आृनो उपकरणमा यो फिचर अन नगरेको पनि हुन सक्छ । म्यासेज फिल्टर अन गर्न यी कदम चाल्नुहोस्

- **आइफोन वा आइप्याडको सेटिङमा जानुहोस् ।**
- **तलतिर स्क्रोल गरेर एप्सलाई ट्याप गर्नुहोस् ।**
- **म्यासेजमा ट्याप गर्नुहोस् ।**
- **म्यासेज फिल्टरिङ सेक्सनमा जानुहोस् अनि फिल्टर अननोन सेन्डर्स स्वीच अन गर्नुहोस् ।**

एक पटक यो फिचर इनेबल भएपछि यसले स्वत: म्यासेजहरूलाई विविध श्रेणीमा वर्गीकृत गरेर राख्नेछ । यसो गर्दा इनबक्समा भएका म्यासेज म्यानेज गर्न सजिलो हुन्छ, स्पाम वा नचाहेका टेक्स्ट म्यासेजको भीड कम हुन्छ फिल्टर्स बटनमा गएर फिल्टर भएका म्यासेज हेर्न सकिन्छ । म्यासेज फिल्टर टर्न अन हुँदा म्यासेज मुख्य गरी चार श्रेणीमा देखिन्छ

- **अल म्यासेज: यसमा सबै खालका म्यासेज देखाउँछ ।**
- **नोन सेन्डर्स: यसमा मोबाइलको कन्ट्याक्ट बूकमा सेभ गरिएका नामबाट आएका म्यासेज हुन्छ ।**
- **अनोन सेन्डर्स: मोबाइलमा सेभ नभएका नम्बरबाट आएका म्यासेज देखाउँछ ।**
- **अनरिड म्यासेज: मोबाइलमा आएका तर अहिलेसम्म तपाईँले नपढेको म्यासेज यसमा देखिन्छ ।**

फिल्टरिङ सिष्टमले म्यासेज अर्गनाइज गर्न मद्दत त गर्छ नै नचिनेका सेन्डरहरूबाट म्यासेज आउँदा नोटिफिकेशन पनि घटाउँछ । यसले स्पाम वा नचाहेको टेक्ष्ट म्यासेजले गर्दा हुने अवरोध पनि कम हुन्छ । अब कुरा गरौँ आइफोन र आइप्याडमा डिलिट भएका म्यासेज रिकभर गर्नेबारे ।

आईओएस १६ वा त्यसपछिको भर्जनमा चल्ने आइफोन वा आईप्याडओएस १६.१ वा त्यसपछिको भर्जनमा चल्ने आइप्याडमा तपाईँले म्यासेज एपबाट डिलिट भएका कुराकानी निम्न तरिकाले रिस्टोर गर्न सक्नु हुन्छ:

**म्यासेज फिल्टर अन छैन भने**

- आइफोन वा आइप्याडमा म्यासेज एप खोल्नुहोस् ।
- बायाँ कुनामा रहेको एडिटमा थिच्नुहोस् ।
- ड्रप डाउन मेनुमा हालै डिलिट भएका म्यासेज सेलेक्ट गर्नुहोस् ।
- डिलिट भएका सबै म्यासेज चाहिएको छ भने पुछारतिर दायाँपट्टी रहेको रिकभर म्यासेज ट्याप गर्नुहोस् ।
- केही प्रेषकले पठाएको म्यासेज मात्रै चाहिएको छ भने दायाँ पुछारमा रहेको रिकभरमा थिचेर आफूले रिकभर गर्न चाहेको प्रेषकको नाम हालेर रिकभर म्यासेज ट्याप गर्नुहोस् ।

**म्यासेज फिल्टर अन छ भने**

- आइफोन वा आइप्याडमा म्यासेज एप खोल्नुहोस् ।
- बायाँ कुनामा फिल्टर्समा थिच्नुहोस् ।
- रिसेन्टली डिलिटेड सेलेक्ट गर्नुहोस् ।
- डिलिट भएका सबै म्यासेज चाहिएको छ भने पुछारमा बायाँ पट्टी रहेको रिकभर अलमा थिच्नुहोस् त्यसपछि रिकभर म्यासेज ट्याप गर्नुहोस्
- तपाईं कुनै प्रेषकले पठाएको म्यासेज मात्रै रिकभर गर्न चाहनु हुन्छ भने पुछारमा दायाँ रहेको रिकभरमा चिथेर आफूले रिकभर गर्न चाहेको प्रेषकको नाम कन्फर्म गरी रिकभर म्यासेज ट्याप गर्नुहोस् ।

यसमा गएको ३०-४० दिनमा डिलिट भएका म्यासेज मात्रै रिकभर हुन्छ । आइओएस १६ वा आइप्याड ओएस १६.१ अपडेट गर्नु अघि म्यासेज वा कुराकानी डिलिट भएका छन् भने यिनीहरू रिकभर हुन्न ।

*-रातोपाटी डटकम*

# विश्वको 'सबैभन्दा सही' समय दिने घडी बिक्रीमा

विश्वकै 'सबैभन्दा सही समय' दिने घडी बिक्रीका निम्ति राखिएको छ । ३३ लाख अमेरिकी डलरमा बिक्रीका निम्ति राखिएको उक्त घडी फ्रिजजस्तै फराकिलो देखिन्छ ।

क्योटोस्थित निर्माता कम्पनी सिमाद्जु कर्पोरेसनका अनुसार 'एथर क्लक ओसी ०२०' समयका लागि यति सही छ कि यसलाई एक सेकेन्डले विचलित हुन १० अर्ब वर्ष लाग्नेछ । 'स्ट्रोन्टियम अप्टिकल ल्याटिस क्लक' भनेर चिनिने यो घडी सेकेन्ड परिभाषित गर्ने हालको मानक सिजियम आणविक घडीभन्दा १०० गुणा बढी सही भएको सिमादजु कर्पोरेसनले जनाएको छ ।

'कभर'सहित करिब एक मिटर (तीन फिट) अग्लो यो घडी मेसिनको आयतन २५० लिटर क्षताको मात्र छ । यो अनुसन्धानको क्षेत्रमा पनि प्रयोग गर्न सकिन्छ । सिमाद्जुले आगामी तीन वर्षमा आफ्ना १० वटा घडी बिक्री गर्ने लक्ष्य राखेको छ । ग्राहकहरूले टेक्टोनिक गतिविधिको अवलोकनजस्ता क्षेत्रमा वैज्ञानिक अनुसन्धानलाई अगाडि बढाउन ती घडीहरू प्रयोग गर्न उपयागी हुने कम्पनीले बताएको छ । टोकियोको प्रसिद्ध स्काई 'ट्री'मा यसअघि सापेक्षताको सामान्य सिद्धान्तको परीक्षण गर्न अप्टिकल जाली घडीहरू जडान गरिएको थियो । परीक्षणपछि 'बलियो गुरुत्वाकर्षण भएको ठाउँमा समय बिस्तारै बग्छ' भन्ने निष्कर्ष निकालिएको थियो । *-रासस/एएफपी*





## डढेलोबाट बचौं र बचाऔं

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानी पूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होईन आसपासका बस्ती समेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

अनुरोधक
**डिभिजन वन कार्यालय**
**तानसेन, पाल्पा**


# 'डेटा सेन्टर' सूचीकृत गर्न एनसेलले दियो निवेदन

निजी क्षेत्रको दूरसञ्चार सेवा प्रदायक कम्पनी एनसेलले आफ्नो 'डेटा सेन्टर' दर्ता गर्न निवेदन दिएको छ । सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको सूचना तथा प्रविधि विभागमा सूचीकृत हुन एनसेलले निवेदन दिएको हो ।

सञ्चार मन्त्रालयले गत माघ १५ गते डेटा सेन्टर तथा क्लाउड सेवा सञ्चालन तथा व्यवस्थापनसम्बन्धी निर्देशिका, २०८१ जारी गरेको थियो । त्यसअनुसार, हाल सञ्चालनमा रहेका डेटा सेन्टर एवं क्लाउड सेवा प्रदायक ६ महिनाभित्र विभागमा सूचीकृत हुनुपर्छ । सोहीअनुसार सूचीकृत हुन आउने पहिलो सेवा प्रदायक एनसेल बनेको हो ।

**डाटा सेन्टर र क्लाउड सेवा प्रदायकलाई सूचीकृत हुन सूचना-प्रविधि विभागको निर्देशन**

विभागका निर्देशक लोकराज शर्माले अन्य सेवा प्रदायक पनि बुझ्न आएको बताए । "अहिले एनसेलले निवेदन दिइसकेको छ । अरू पनि डेटा सेन्टर सूचीकृत गर्न बुझ्न आइरहेका छन्," शर्माले भने । सूचना प्रविधिको प्रयोगमार्फत सरकारी, सार्वजनिक र निजी क्षेत्रबाट सिर्जना भएका डेटाहरूको सुरक्षित तथा गोपनीय तवरले देशभित्र भण्डारण गर्न प्रोत्साहित गर्न निर्देशिका ल्याइएको विभागले जनाएको छ । *-बाह्रखरी डटकम*


## पूर्वखोला गाउँपालिकाको अनुरोध

➢ बाझो जग्गा नराखौं/राख्न नदिउँ ।
➢ सार्वजनिक सम्पत्ति ऐतिहासिक, पुरातात्विक तथा धार्मिक सम्पदाको संरक्षण गरौं ।
➢ खानोपानीका मुल मुहानहरुका संरक्षण गरौं ।
➢ वन जंगलमा आगलागी हुन नदिन सावधानी अपनाऔं ।
➢ आफ्नो घर-आँगन वरपर सधैं सफा र स्वच्छ राखौं ।
➢ आफ्नो वरपर सञ्चालनमा रहेको विकास निर्माण कार्यहरुको नियमित अनुगमन गरौं ।
➢ आफ्ना नानी-बाबुहरुको शिक्षा, स्वास्थ्यमा ध्यान पुऱ्याउनुको साथै उनीहरुको क्रियाकलाप प्रति सधैं सजग रहौं ।
➢ कुनै सामान वा बस्तु खरिद (किन्दा) लेवल हेरेर म्याद रहे-नरहेको एकिन गरेर मात्र खरिद गर्ने बानी बसालौ ।
➢ म्याद गुज्रेका (Date Expiry) सडेगलेका सामाग्रीले हाम्रो स्वास्थ्यमा प्रत्यक्ष असर पर्ने भएको हुँदा त्यस्ता सामाग्रीको बिक्री वितरण नगरौं ।
➢ व्यापार, व्यवसाय, उद्योग, कलकारखाना सञ्चालन गर्दा सम्बन्धित निकायमा दर्ता गरी इजाजत-पत्र लिएर मात्र सञ्चालन गरौं ।
➢ जन्म, मृत्यु, बसाईसराई, विवाह, सम्बन्ध विच्छेद जस्ता व्यक्तिग घटनाहरुको घटना घटेको ३५ दिन भित्र दर्ता गरौं ।

| सुन्दर प्रसाद श्रेष्ठ | भागिरथी शर्मा भट्टराई | नुन बहादुर थापा |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |

पूर्वखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पूर्वखोला, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

## पशुपालक कृषकहरुलाई खोरेत रोग सम्बन्धी जानकारी

- यो पशुमा लाग्ने सरुवा रोग हो । यो रोगले पशुको मुख र खुट्टामा घाँउ बनाउँछ । यो रोग एक पशुबाट अर्को पशुमा सजिलैसँग सर्न सक्दछ । यो रोग स्थानीय पशुहरुलाई भन्दा उन्नत नश्लका पशुहरुमा बढी रुपमा देखा पर्दछ ।

**खोरेत रोग सर्ने तरिका**

- खोरेत रोग हावा, पशुको दाना, पानी, घाँस, चरन आदिको लसपसबाट एक पशुबाट अर्को पशुमा तुरुन्तै सर्दछ । यस रोगको सर्ने अवधि १ देखि ७ दिनसम्म हुन्छ ।

**खोरेत रोगका मुख्य लक्षणहरु**

- पशुलाई एक्कासी १०४देखि १०६ डिग्री ज्वरो आउने, पशु झोक्राउने, खुट्टामा घाउ भएको छ भने खोच्चाउने, हिड्डुल गर्न नसक्ने र साथै घाउमा झिंगाहरु घुमेको देखिने हुन्छ ।
- पशुले खाने कुरा नखाने, मुखमा घाउहरु देखिने, मुखबाट ऱ्याल काड्ने, ओठ गिंजाहरुमा खटिरा आउँने र यसरी घाउ बढ्दै गएमा खुट्टा, कलचौडो र थुन समेतमा पनि घाउहरु देखिने हुन्छ ।
- यदि रोगि पशु ब्याउने भएमा गर्भ पतन , तुहिन पनि सक्दछ । स-साना वाच्छा, बाच्छीमा रोगको प्रकोप बढेमा मर्न पनि सक्दछन् । यी लक्षणहरु हेरेर सजिलै खोरेत रोग पत्ता लगाउन सकिन्छ ।

**खोरेत रोगको उपचार**

- माथीका लक्षणको आधारमा पशुमा बढी ज्वरो भएमा ज्वरो घटाउने औषधिहरु दिने, घाउहरु निको पार्न र अन्य जिवाणुहरुले आक्रमण नगरोस भनेर एन्टीबायोटिकको मात्रा मिलाई प्रयोग गर्नुपर्दछ । मुखको घाउ फिटकिरी तथा पोटास पानीले सफा गर्ने ,खुट्टा कल्चौडोको घाउ सफा गरी मलहम ( हिमेक्स, चारमिल आदि ) लगाउने र गोठ तथा खोरमा फिनाइल पानीले सफा गर्नु पर्दछ ।

**रोकथाम**

- रोग नलागोस भनेर पशुहरुलाई पहिले नै खोरेत रोग विरुद्धको औषधिहरु लगाउनु पर्दछ ।
- रोग देखापरेमा तुरुन्त पशु चिकित्सक तथा प्राविधिकहरुको सल्लाह अनुसार उपचार गर्नु पर्दछ ।
- रोगी पशु र निरोगी पशु छुट्टा छुट्टै राख्न पर्दछ ।
- रोगी पशुले प्रयोग गरेको दाना पानीका भाडाकुडाहरु, निरोगी पशुसंग लसपस गर्नु हुँदैन ।

अनुरोधक
**भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र पाल्पा**

# अखिलका पूर्व अध्यक्ष लुंगेली नेवि संघमा प्रवेश



**पाल्पा, फागुन २६**/नेकपा माओवादी केन्द्र निकट विद्यार्थी संगठन अखिल (क्रान्तिकारी) त्रिभुवन बहुमुखी क्याम्पस पाल्पाका पूर्व इकाइ अध्यक्ष एवं स्ववियु सदस्य भीम लुंगेली नेपाल विद्यार्थी संघमा प्रवेश गरेका छन् । नेपाली काँग्रेस विधानको धारा ४(१) बमोजिम काँग्रेसको सदस्यता लिई उनी नेवि संघ प्रवेश गरेका हुन् ।

लुंगेलीलाई नेपाली काँग्रेसका पाल्पाका सभापति हिमालदत्त श्रेष्ठ, सचिवहरु सन्तोष कुमार थापा, सुनिता अधिकारीले काँग्रेस सदस्यताको प्रमाणपत्र दिएका थिए । उनले काँग्रेस सदस्यता लिएरसँगै आधिकारीक रुपमा नेवि संघमा प्रवेश गरेका हुन् । स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचनको मुखैमा आएर संगठनको सक्रिय नेता नै नेवि संघ प्रवेश गरेपछि अखिल (क्रान्तिकारी) मा ठूलो हलचल नै आएको छ । उनको प्रवेशले अखिललाई ठूलो थक्का लाग्ने बताइएको छ ।

लुंगेलीलाई काँग्रेसका जिल्ला सभापति श्रेष्ठ, सचिवहरु थापा, अधिकारी, काँग्रेसका नेता तथा त्रिभुवन बहुमुखी क्याम्पसका पूर्व स्ववियु सभापति मोती भण्डारी, क्याम्पसका पूर्व स्ववियु सभापति तथा नेविसंघका पूर्व केन्द्रीय सदस्य हरिबोल भट्टराई, नेविसंघका केन्द्रीय सदस्य सुवास गैरे, काँग्रेस महिला नेतृ शान्ति भ्रेडी, नेवि संघका पूर्व जिल्ला सभापति कृष्ण आले, नेवि संघ क्याम्पसका ईकाइ सभापति पुण्यप्रसाद सुवेदी, क्याम्पसका स्ववियु सभापति कृष्ण अर्याल लगातका विद्यार्थी नेताहरुले नेवि संघमा स्वागत गरेका थिए ।

काँग्रेस सभापति श्रेष्ठले मुलुक परिवर्तनका लागि विद्यार्थी आन्दोलनबाट नेवि संघले महत्वपूर्ण योगदान पुऱ्याएको स्मरण गराउँदै संघमा इमान्दार र कटिवद्ध भएर लाग्न लुंगेलीलाई आग्रह गरे ।

## नगरको परिचय...

...यस्तै पाल्पा साइक्लिङ संघमा आवद्ध युवाहरुले जिल्लामा भएका ऐतिहासिक पर्यटकीय स्थलहरुको बारेमा जानकारी गराउने र आन्तरिक तथा बाह्य पर्यटकहरु भित्र्याउने अभियानमा सक्रियता देखाएका छन् । उनीहरुले साइकल यात्रामार्फत बाहिरबाट आउनेहरुलाई जिल्लाका पर्यटकीय स्थलहरुको बारेमा जानकारी गराउन गत कार्तिक २३ र २४ गते दुई दिने 'हेरिटेज राइड' समेत आयोजना गरेका थिए । जसमा जिल्लाका ऐतिहासिक धार्मिक, पर्यटकीय स्थलहरु पाल्पा दरबार संग्रहालय, भैरवस्थान मन्दिर, अर्गेली दरबार, रुरु ऋषिकेश मन्दिर, रिडी, रानीमहल, देवदत्तपार्क, लिस्ने भिर लगायतका धार्मिक तथा ऐतिहासिक क्षेत्रमा पुगेर त्यहाँको महत्व र ऐतिहासिकतामा बारेमा जानकारी गराइएको थियो । यहाँको पर्यटकीय क्षेत्रको प्रचार र खेलकूदको विकासमा टेवा पुगोस् भन्ने उद्देश्यले यस्ता कार्यहरु गर्दै आएको संघका अध्यक्ष रुपेश महर्जनले बताए । यस्तै पाल्पा जेसिजमा आवद्ध युवाहरुले पनि युवाहरुको नेतृत्व, व्यक्तित्वको विकाससँगै स्थानीय सरकारलाई जवाफदेही, जिम्मेवार बनाउनुको साथै शिक्षा, स्वास्थ्य र पर्यटनको क्षेत्रमा समेत महत्वपूर्ण कार्य गर्दै आएका छन् ।

जेसिजले केही महिना अघि जनप्रतिनिधि र युवाबिच 'युवाको प्रश्न नेतृत्वसँग' विषयक खुला बहस सञ्चालन गरेको थियो । जेसिजको उद्देश्यसँगै जिल्लाको विकासमा रचनात्मक ढंगले काम गर्दै आएको जेसिज पाल्पाका अध्यक्ष विवेककाजी शाक्यले बताए । अस्थिर राजनीतिक, बढ्दो बेरोजगारीका कारण मुलुकमा केही पनि छैन भन्ने भाष्य पछिल्लो पुस्ताका युवाहरुमा बढ्दै गएका बेला यहाँका युवाहरुले भने आफ्नो ठाउँ आफै बनाऔं भन्ने अभिप्रायका साथ जिल्लाको विकासमा सक्रिय हुँदै आएका हुन । नागरिकको अबको एक मात्र सपना समृद्धि हो । समृद्ध भविष्यको सपना पूरा गर्नु, वर्तमानको थालनी र निरन्तरता अपरिहार्यता हो । वर्तमान समय जति युवाका लागि महत्वपूर्ण छ त्यति नै देशको समृद्धिका लागि युवाको आवश्यकता छ । दिगो विकासका हरेक एजेण्डाहरू युवासँग जोडिएका छन् । यसैकारण पनि यहाँका युवाहरुले देखाएको सक्रियताको तानसेनवासीले प्रशंसा गर्ने गरेका छन् । उनले भने,'सरकारी क्षेत्रबाट गर्नुपर्ने कामहरु क्लवमा आवद्ध युवाहरुले गर्दै आएका छन्, यो जिल्लामै नमूना क्लवका रुपमा रहेको मैले महशुस गरेको छु ।'

## रामपुरका किसानलाई...

...अहिले सबैका घर-घरमा आलु उत्पादन हुने हुँदा कम मूल्यमा आलु बिक्री गर्नुभन्दा बेमौसमी समयमा बिक्री गर्दा धेरै मूल्य पाइने भएपछि घरमा उत्पादन भएका सबै आलु शीतभण्डारणमा किसानले राख्ने गरेका छन् । यहाँका किसानलाई शीतभण्डारणको सुविधाले आलु भण्डारणका लागि अन्यत्र लैजानुपर्ने समस्या टरेको छ । पछिल्लो समय किसानले आलु उत्पादनमा जोड दिन थालेका छन् । रामपुर नगरपालिकाले स्थानीय उत्पादनलाई सुरक्षित साथ भण्डारण गरेर राख्नका लागि तीन सय मेट्रिक टन क्षमताको सुविधा सम्पन्न शीतभण्डारण तयार पारेर सञ्चालनमा ल्याएको छ ।

रामपुर-६ स्थित कौवा बस्ने सीता देवकोटाले शीतभण्डारणमा आलु राख्ने तयारी गरिरहेका छन् । उनले आलु खनेर सकेपछि घरमा ग्रेडिङ गरेर भण्डारणका लागि शीतभण्डारणमा राख्न आलु तयार पारेर राखेकी छन् । रामपुर नगरपालिकाका किसानले आलुखेतीलाई व्यावसायिक खेतीमा जोड दिँदै आएका छन् । जिल्लाकै आलु उत्पादनका लागि राम्रो पकेट क्षेत्र रहेको हुँदा आलुबाट राम्रो आयआर्जन गर्न किसान सफल बनेका छन् । रामपुर नगरपालिका कार्यालय तथा वडा कार्यालयले अनुदान उन्नत जातका बीउ उपलब्ध, किसानलाई खेतबारीमै प्राविधिक सेवा, शीतभण्डारणको सुविधाजस्ता विविध कार्यक्रम सञ्चालन गरेपछि पछिल्लो समय यहाँका किसान आलुखेतीमा हौसिएका छन् । *-रासस*

### खेलकुद समाचार

## पीएम कपमा आर्मीको विजयी सुरुवात



**काठमाडौं, फागुन २६**/लुम्बिनी प्रदेशमा जारी प्रधानमन्त्री कप पुरूष राष्ट्रिय क्रिकेट प्रतियोगितामा त्रिभुवन आर्मी क्लबले विजयी सुरुवात गर्दा बागमती प्रदेशले लगातार दोस्रो फराकिलो हार व्यहोरेको छ ।

सिद्धार्थनगरस्थित सिद्धार्थ क्रिकेट मैदानमा भएको खेलमा आर्मीले बागमती प्रदेशलाई १३४ रनको फराकिलो अन्तरले हराएको हो । आर्मीले दिएको २६३ रनको लक्ष्य पछ्याएको बागमती २७ ओभरमा १२८ रनमै समेटिएको हो । बिबेक मगरले सर्वाधिक ५१ रन बनाउँदा अन्य ब्याटरबाट उल्लेख्य योगदान हुन सकेन। इशान पाण्डेले १९ तथा आशुतोष घिरैयाले १० रन बनाए । अन्यले दोहोरो अंकमा रन बनाएनन् । आर्मीका शाहब आलमले ८ ओभरमा ३३ रन दिएर ४ विकेट लिए । आकाश चन्दले ५ ओभरमा २८ रन दिएर ३ विकेट लिए । सोमपाल कामी, नरेन साउद र बसिर अहमदले १-१ विकेट लिए ।

त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको आर्मीले ५० ओभरमा ७ विकेट गुमाएर २६२ रन बनायो । सन्तोष कार्कीले सर्वाधिक ७६ रन बनाए । कप्तान विनोद भण्डारी ४७ रनमा अविजित रहे । तृत राज दासले ३६ रन बनाए । बागमतीका लागि इशान पाण्डेले ३.४ ओभरमा ११ रन दिएर २ विकेट लिए । रिजन ढकाल र प्रतिश जिसीले पनि समान २ विकेट लिँदा सोनु देवकोटाले १ विकेट लिए । यसअघि बागमती पहिलो खेलमा एपीएफसँग १०० रनले पराजित भएको थियो ।


**वर्गिकृत डिस्प्ले**

*१ X ५ साइजमा मात्र*

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१


### अर्थ/कर्पोरेट समाचार

## सेयर बजार घट्ने क्रम अझै रोकिएन



**पाल्पा, फागुन २६**/सेयर बजार मापक नेप्से परिसूचक घट्ने क्रम अझै रोकिएको छैन् । गत हप्ता आइतबार नेप्से परिसूचक बढेको भए तापनि त्यसपछि लगातार घटिरहेको छ । कारोबार साताको दोस्रो दिन पनि नेप्से ओरालो देखिएको हो ।

सोमबार दोहोरो अंकले घटेको छ । यसदिन नेप्से परिसूचक २० दशमलव ६८ अंकले घटेर घटेर २ हजार ७ सय ५१ दशमलव ४२ अंकमा झरेको छ । ३ सय ११ स्क्रिप्सको १ करोड ५० लाख ९४ हजार ९ सय १५ कित्ता सेयर ८ अर्ब ३७ करोड ८० लाख ५५ हजार ५७ रुपैयाँमा खरिदबिक्री भयो । नेप्से परिसूचक घटे तापनि नेस्डो समृद्ध लघुवित्त, गार्डियन र वीन नेपाल लघुवित्तका लगानीकर्ताले कमाएका छन् । कारोबार रकमका आधारमा नेपाल रिइन्सुरेन्स कम्पनी शीर्ष स्थानमा रहृयो । सो कम्पनीको ७३ करोड ५० लाख बढीको सेयर कारोबार भयो । अन्य समूहका सूचकबाहेक सबैको घटेको छ । आजको कारोबारमा अन्य समूह शून्य दशमलव ०८ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको अवस्था छ । सबैभन्दा धेरै 'म्युचुअल फन्ड' तीन दशमलव ०६, व्यापार एक दशमलव ६५, उत्पादन तथा प्रशोधन एक दशमलव १५, जलविद्युत् एक दशमलव १६ र लगानी एक दशमलव ५१ प्रतिशतले घटेको छ । त्यस्तै, बैङ्किङ शून्य दशमलव ४४, विकास बैंक शून्य दशमलव ७३, वित्त शून्य दशमलव ७०, होटल तथा पर्यटन शून्य दशमलव ९९, जीवन बिमा शून्य दशमलव ४१, लघुवित्त शून्य दशमलव ६३ र निर्जीवन बिमा समूह शून्य दशमलव ६८ प्रतिशतले घटेको छ । कारोबार भएका शेयर सङ्खयाका आधारमा भने सबैभन्दा धेरै 'घलेम्दी हाइड्रो लिमिटेड'को ११ लाख ६३ हजार आठ सय ५५ कित्ता शेयर किनबेच भएको छ ।


**सुत्केरीको स्वास्थ्यमा ध्यान पुऱ्याऔं ।**

- गर्भावस्थामा कम्तीमा आठ पटक स्वास्थ्य जाँच गराऔं,
- स्वास्थ्य संस्थामा नै प्रसूति सेवा लिऔं,
- नियमित पोषिलो खानेकुरा खुवाऔं,
- बच्चा जन्मनेबित्तिकै विगौती दुध खुवाऔं,
- ६ महिनासम्म आमाको दुध मात्र खुवाऔं,
- बच्चा जन्मेपछि स्वास्थ्य संस्थामा गई स्वास्थ परीक्षण गराऔं,
- राष्ट्रिय खोप तालिका अनुसार बालबालिकालाई सबै खोप लगाऔं।

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला, कानुन तथा सञ्चार मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।

जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी.कम
www.shittalpati.com
डिजिटल पत्रिका


कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्राई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई